# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५

टोलफ्रि नं: १६६००११६११८५


मिति-२०८०/१२/२३

## प्रेस विज्ञप्ति

सुनसरी जिल्लाको हरिनगरमा हिजो मिति २०८०/१२/२२ गते भएको दुई समुह विचको वादविवाद र झगडाले उग्र रुप लिई स्थानीय प्रशासन द्वारा पांचवटा स्थानीय तहको क्षेत्र भित्र लागु हुने गरि कर्फ्यु आदेश जारी गरेको विषयमा यस आयोगको गंभिर चासो रहेको छ। स्थानीय समुह विचमा हुने कुनै पनि वादविवाद र झगडा लाई स्थानीय स्थल मै मिलाउन एवं हामीहरु विचमा रहेको शताब्दीऔं पुरानो आत्मीय सम्वन्ध लाई विखण्डन हुन् नदिन सवै नागरिक समाज बुद्धिजीवि राजनैतिक दल र संचारकर्मी बाट सकारात्मक समन्वय हुनु पर्ने विषय यस आयोगले सवैमा आग्रह गर्दछ । उल्लेखित घटना दुई व्यक्ति वा समुहको विचको विवाद मात्र हो भन्ने विषयमा हाम्रो वुझाइ रहेको छ । यस्ता दुई पक्ष या व्यक्ति विचको विवाद र झगडा मिलाउन स्थानीय प्रशासन सक्रीय रहेकै बुझिन्छ । तसर्थ यस विवाद लाई कसैले अतिरंजित गरि हाम्रो सामाजिक सद्भभावमा असर पुर्याउने कार्य नगरी दिन हुन सवैमा हार्दिक अपिल गरिन्छ । साथै यस घटनाको सत्य तथ्य छानविन गरि दोषी माथी कारवाही हुन् समेत स्थानीय प्रशासनलाई अनुरोध गरिन्छ । यस घटनाको सम्वन्धमा आयोग बाट चाडै नै सत्य तथ्य अनुगमन गरिने व्यहोरा समेत यसै विज्ञप्ति मार्फत जानकारी गराईन्छ । साथै संयमता, धैर्यता र शालिनता पुर्वक उल्लेखित घटनाको शान्तिपुर्वक समाधानको अपेक्षा समेत गरिन्छ ।

मधेशी आयोग

ज्वागल, ललितपुर

मधेशी आयोग


Email: madheshicommission@gmail.com


"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

आयोगको हेल्पलाईन नं. ११४८